आज मिति २०८३।०३।०७ गते यस गौरीशंकर गाउँपालिकाको ५४ औ कार्यपालिका बैठक गौरीशंकर गाउँपालिका अध्यक्ष श्री विश्वास कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

तपसिल :

| | |
|---|---|
| १. अध्यक्ष | श्री विश्वास कार्की |
| २. उपाध्यक्ष | श्री उमा लुङ्गेली मगर शेर्पा |
| ३. वडा नं १ अध्यक्ष | श्री प्रकाश बहादुर खड्का |
| ४. वडा नं २ अध्यक्ष | श्री रोहित बुढाथोकी |
| ५. वडा नं ३ अध्यक्ष | श्री युग बहादुर बस्नेत |
| ६. वडा नं ४ अध्यक्ष | श्री शिवहरी खत्री |
| ७. वडा नं ५ अध्यक्ष | श्री सुन्दर खड्का |
| ८. वडा नं ६ अध्यक्ष | श्री निमासाङ्गे शेर्पा |
| ९. वडा नं ७ अध्यक्ष | श्री सोनाम शेर्पा |
| १०. वडा नं ८ अध्यक्ष | श्री दावारेन्जी शेर्पा |
| ११. वडा नं ९ अध्यक्ष | श्री ङिमगेली शेर्पा |
| १२.कार्यपालिका सदस्य | श्री देवी घतानी |
| १३.कार्यपालिका सदस्य | श्री गंगा चर्मकार सार्की |
| १४. कार्यपालिका सदस्य | श्री जिमि शेर्पा |
| १५. कार्यपालिका सदस्य | श्री डोमा शेर्पा |
| १५. कार्यपालिका सदस्य | श्री आङदोर्जी शेर्पा |
| १६. कार्यपालिका सदस्य | श्री लानुरी शेर्पा |
| १७. प्रमुख प्रशासकिय अधिकृत | श्री रिजेश उपरकोटी |

निर्णय नं १ : आर्थिक वर्ष २०८३।०८४ को वार्षिक निती तथा कार्यक्रम स्वीकृत गर्ने बारे

यस कार्यपालिका बैठकमा विभिन्न विषयगत समिति,वडा भेला एव सरोकारवालाहरुबाट पेश भएको सल्लाह सुझावको आधारमा वार्षिक निती तथा कार्यक्रमको खाका पेश भएकोमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम स्वीकृत गरी सो बमोजिम गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं २ : आर्थिक विधेयक स्वीकृत गर्ने बारे

राजस्व परामर्श समिति तथा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्रास सिफारिसलाई आधार मानी तथा विभिन्न विषयगत समिति,वडा भेला एव सरोकारवालाहरुबाट पेश भएको सल्लाह सुझावको आधारमा आगामी आर्थिक वर्ष २०८३।८४ को आर्थिक विधेयक खाका पेश भएकोमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम स्वीकृत गरी सो बमोजिम गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ३ : विनियोजन विधेयक स्वीकृत गर्ने बारे

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्रास सिफारिस एव वडाहरु तथा शाखाहरुबाट माग भएको बजेट तथा कार्यक्रमलाई आधार मानी तथा विभिन्न विषयगत समिति,वडा भेला एव सरोकारवालाहरुबाट पेश भएको सल्लाह सुझावको आधारमा आगामी आर्थिक वर्ष २०८३।८४ को विनियोजन विधेयक खाका पेश भएकोमा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम स्वीकृत गरी सो बमोजिम गाउँ सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ भेरिएशन आदेश स्वीकृत सम्बन्धमा ।

१।यस गौरीशंकर गाउँपालिकाले वडा स्तरिय खानेपानी आयोजना निर्माण गर्नको लागी २०८२/११/२९ गते श्री सुरी भुमे कन्सट्रक्सन एण्ड सप्लार्स प्रा लि. गौरीशंकर गाउँपालिका वडा नं ५ सुरी सगँ सम्झौता सम्पन्न गरि निर्माण गर्ने क्रममा तथा सम्झौता कार्यान्वयनको क्रममा पूर्वानुमान गर्न नसकिएको प्राविधिक आवश्यकता उत्पन्न भइ खानेपानि आयोजना अधुरो हुने देखिएकोले १५ हजार लिटर टयाङ्की निर्माणको डन्डीको काममा सिङ्गल रेनफोर्समेन्ट राखिएकोमा डबल रेन्सफोर्समेन्ट गर्न देखिएको तथा धारा साइज परिवर्तन भएकोले ढुङ्गा बिछ्याउने कार्य बढेको धारामा पनि कार्य वृद्धि

भएकोले संस्था परिवर्तन गर्नुपर्ने कार्य गर्नको सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम भेरिएशन आदेश स्वीकृत गरी सो बमोजिमको प्राविधिक मूल्यांँकन गरी भुक्तानी गर्नको लागी कार्यालयलाइ निर्देशन गर्ने निर्णय गरियो ।

२)यस गौरीशंकर गाउँपालिकाले हलेश्वर नमुना मा वि भवन निर्माण गर्नको लागी २०८२/०७/३० गते श्री आर एण्ड मेलोडी कन्सट्रक्सन एण्ड सप्लार्स प्रा लि. भिमेश्वर नगरपालिका वडा नं. ६ दोलखा सगँ सम्झौता सम्पन्न गरि निर्माण गर्ने क्रममा पूर्वानुमान गर्न नसकिएको प्राविधिक आवश्यकता उत्पन्न भइ ड्रइङ डिजाइन तथा स्पेसिफिकेसन आदि बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारिक प्रकृति वा क्षेत्र परिवर्तन हुने नहुने लागत अनुमान तयार पार्दा निर्माण कार्यको डण्टीको काममा सिङ्गल फर्स्ट फ्लोरको कोलुममा एक्स्ट्रा रेनफोर्समेन्ट ५० प्रतिशत आवश्यकता देखिएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ बमोजिम भेरिएशन आदेश स्वीकृत गरी सो बमोजिमको प्राविधिक मूल्यांँकन गरी भुक्तानी गर्नको लागी कार्यालयलाइ निर्देशन गर्ने निर्णय गरियो ।

विश्वास कार्की
अध्यक्ष

निर्णय नं. ५म्याद थप सम्बन्धमा ।

यस गौरीशंकर गाउँपालिका वडा नं. ५ मा निर्माधिन "Upgrading of Suri Primary Health Center To 15 Bed Hospital", ठेक्का नं. GRM/NCB/WORKS/DOLAKHA/14/2077/078 को निर्माण कार्यको हाल कायम म्याद २०८३/०३/२० सम्म रहेकोमा विभिन्न कारणहरूबाट तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेको देखिएकोले बाँकी कार्य सम्पन्न गर्न मिति २०८३/०९/२० सम्म म्याद थप गर्ने निर्णय गरियो। म्याद थप अवधिभित्र निर्माण कार्य तोकिएको गुणस्तर, स्वीकृत ड्रइङ, डिजाइन, स्पेसिफिकेशन तथा सम्झौताका अन्य शर्तहरू बमोजिम अनिवार्य रूपमा सम्पन्न गर्न सम्बन्धित निर्माण व्यवसायीलाई निर्देशन दिने तथा प्राविधिक शाखाबाट नियमित अनुगमन गरी कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. ६ म्याद थप सम्बन्धमा ।

यस गौरीशंकर गाउँपालिका अन्तर्गत सञ्चालित "Jagatfedi Tasiman Simigau Beding Sadak Ward No. ९" सडक निर्माण कार्यको Contract No. ०६/GRM/NCB/WORKS/२०८२-८३ अन्तर्गत Blue Diamond–BBNS Joint Venture सँग ठेक्का मिति २०८२/१०/१९ गते सम्झौता भई निर्माण कार्य सञ्चालन हुँदै आएकोमा उक्त सम्झौताको म्याद मिति २०८३/०२/३० सम्म कायम रहेकोमा निर्माण व्यवसायीबाट मिति २०८३/०२/०१ मा यस कार्यालयमा पेश भएको म्याद थपसम्बन्धी निवेदनमा हाल ईन्धनमा भएको चर्को मूल्यवृद्धि एव मौसमका कारण निर्माण समाग्री ढुवानीमा भएको समस्या लगायतका कारणबाट तोकिएको अवधिमा कार्य सम्पन्न हुन नसकेको देखिएकोले बाँकी कार्य सम्पन्न गर्न मिति २०८३/०३/०१ गते देखि मिति २०८३/०९/३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष